# दशौं बैठक १०
# २०७४ साल कार्तिक २० गते

आज मिति २०७४ साल कार्तिक २० गते सोमबारका दिन मुसिकोट नगरपालिका नगर कार्यपालिकाको दशौं बैठक नगर प्रमुख श्री देविलाल गौतमज्यूको अध्यक्षतामा मुसिकोट नगरपालिका वडा नं. १ स्थित नगर सभाहलमा बस्यो । उपस्थिति तथा निर्णय तपशिल बमेजिम छ ।

**निर्णय नं.१**

यस मुसिकोट नगरपालिकामा आएका देहायका विषयगत कार्यालयहरुको चालु आ.व.२०७४/०७५ को बार्षिक कार्यक्रम तथा बजेट आगामी नगर परिषदबाट अनुमोदन गर्ने गरा स्वीकृत गरी कार्यक्रम कार्यन्वयन गर्ने निर्णय गरीयो । साथै कार्यक्रम कार्यन्वयन गर्ने क्रममा आवश्यकताको आधारमा कार्यक्रम तथा बजेट संसोधन गरी कार्यन्वयन गर्ने निर्णय गरीयो ।

**निर्णय नं.२**

नया नगरपालिका गठन तथा विस्तार क्रममा यस नगरपालिकामा साँख चौखाबाङ, भलाक्चा,छिबाङ ,खलंगा र स्यालापाखाका केही वडाहरु गाभिएर मुसिकोट नगरपालिकाको सिमाङकन तोकिएको अवस्थामा आ.व. २०७४/७५ को सामाजिक सुरक्षा भत्ता वितरण कार्यका लागि भत्ता प्राप्त गर्ने व्यक्तिकरुको बैंक खाता खोली बैकिङ प्रकृयाबाट भत्ता वितरण गर्न ढिलाई तथा झन्झटिलो हुने देखिएकोले प्रथम चौमासिकको भत्ता वडा अध्यक्षको रोहवरमा वडा सचिव मार्फत घरदैलोमै गएर भत्ता वितरण गर्नै निर्णय गरीयो । साथै दोस्रो र तेस्रो चौमासिकको भत्ता वितरण बैकिङ प्रणालीबाट गर्ने निर्णय गरीयो ।

**निर्णय नं.**

३ सडक बोर्ड नेपालबाट चालु आ.व.२०७४/०७५ पय लागि प्राप्त बजेटबाट देहाय बमोजिमका सडकहरुमा बजेट विनियोजन गरी सहमतीका लागि सडक बार्ड नेपलामा पठाउने निर्णय गरीयो ।

१. सोलाबाङ-छिङ-भेरीखोला सडक मर्मत ।
२. झुल्खेत-तङतरा- घट्टेकुलो सडक मर्मत ।
३. रातापहर-भलाक्चा-झुल्खेत सडक मर्मत ।
४. खलंगा त्रिवेणी चोक-रावलबारा भन्डारीकाँडा सडक मर्मत ।

**निर्णय नं.४**

मिति २०७४/५/२८ को निर्णय नं. ५ बाट जिल्ला अस्पताल एम्बुलेन्स लगायतका समाग्रीहरु खरिदका लागि विनियोजन गरीएको रु ४२ लाख अनुदान तर्फ समायोजन बजेटमा विनियोजत बजेटबाट खर्च लेखी कार्यन्वयन प्रकृयत अगाडी बढाउने ।

**निर्णय नं. ५.**

मिति २०७४/६/४ गतेको दिन निर्णय नं. ६ बाट वडाको लागि छुट्टयाको रु ५ लाख बजेटबाट वडा नं. १३ को लागि तपशिल बमोजिमको आयोजना तथा कार्यक्रम छनौट गर्ने निर्णय गरीयो ।

तपशिल

| | |
|---|---|
| १. मण्डली थान भालुखोला सडक | १ लाख ५० हजार |
| २. खेलकुद | १ लाख ५० हजार |

३. छेरा बगर साधनचौर सडक २ लाख

**निर्णय नं.६**

मिति २०७४/६/२७ को निर्णयानुसार विपट व्यवस्थापनमा राहत वितरणका लागि सामाग्री खरिदका लागि विनियोजित बजेटबाट पोलथिन पाइप तथा तारजाली खरिद गर्न रु ५ लाख विनियोजन गरी खरिद इकाइ मार्फत खरीद गरी नगर प्रमुखको निगरानी र आदेशमा सम्बन्धीत वडाका वडा अध्यक्षको रोहवरमा वितरण गर्ने निर्णय गरीयो ।

**निर्णय नं.७**

मिति २०७४/६/४ गतेको निर्णय नं. ६ बाट वडाको लागि छुट्टयाईएको रु ५ लाख बजेटबाट वडा नं. ४ को लागि तपशिल बमोजिमको आयोजना तथा कार्यक्रम छनौट गर्ने निर्णय गरीयो ।

तपशिल

| | |
|---|---|
| १. बोहोरा गाउ प्रतिक्षालय निर्माण | ३ लाख |
| २. कोट चौतारा पाइप खरीद | १ लाख |
| ३. बस्ती गाउ सिचाई मर्मत | १ लाख |

**निर्णय नं. ८**

मिति २०७४ साउन ४ गते वडा नं. १३ को लागि छुट्टायको तपशिल बमोजिमको आयोजना तथा कार्यक्रममा परिवर्तन कार्यक्रमहरुमा परिवर्तन गर्ने निर्णय गरीयो ।

तपसिल

| | |
|---|---|
| साविकको आयोजना थुमचौर भ्युटावर निर्माण | ४ लाख |
| काउले चौर खा.पा. मर्मत रु १ लाख, | वडा नं. १३ परिवर्तन गरीएको |
| भालदुला थुमचौर सडक निर्माण | ५ लाख |
| साविकको आयोजना-बोदलेधारी काउलेचौर धारा तथा | प्रतिक्षालय निर्माण रु ५० हजार -वडा नं.१३ |

परिवर्तन गरीएको- साधनचौर कालिका मन्दिर मर्मट
रु ५0000

साविकको योजना-छिङ माथिगाउँ सुन्तला कोल्ड स्टोर नि.
रु ५00000 (पाँच लाख)

परिवर्तन गरीएको-छिङ तलिगाउँ-देखी माथिगाउँ सडक नि. रु ५00000 //

**निर्णय नं. ९**

नगर प्रमुखको सचिवालयमा कम्प्युटर सञ्चानलन तथा दैनिक प्रशासनिक कार्य गर्न सहायक स्तर पाँचौ तहको कम्म्युटर अपरेटर करार सेवामा नियुक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०.**

पानेखोला राजाखेट तथा माछापोखरी सिपकला भवन सम्मको सिचाई कुलो वडा नं. ३ र पुरेन्चोर हरलेखोला वारीखोला सडकको लागी प्राविधिक मुल्यांकन गराई भुक्तानी दिने निर्णय गरीयो ।